राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

वर्ष-१४ ।। अङ्क : २६५ ॥ २०७९ मंसिर ०२ गते शुक्रबार (18th Nov 2022 Friday) | **Pratidin** National Daily | dNo-?÷%÷-

तीन दिनभित्र प्रत्यक्षतर्फको नतिजा सार्वजनिक गर्ने आयोगको योजना

झापा(प्रस) । आगामी प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको नतिजा तीन दिनभित्र सार्वजनिक गर्ने निर्वाचन आयोगको योजना रहेको छ।

निर्वाचनको तयारीबारे जानकारी दिन बिहीबार आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन भएको तीन दिन अर्थात् मंसिर ७ गते बेलुकासम्ममा प्रत्यक्षतर्फका सबै नतिजा सार्वजनिक गरिसकिने कार्ययोजना रहेको बताए।

'सबै मतपेटिकाहरू सङ्कलन भएको लगत्तैदेखि मतगणना प्रारम्भ हुनेछ', उनले भने, 'तीन दिनभित्र प्रत्यक्षतर्फ र त्यसको पाँच दिनभित्र समानुपातिकका सबै मतगणना सक्ने गरी योजना बनाएका छौँ।'

मंसिर २२ गतेभित्र निर्वाचनको सम्पूर्ण नतिजाको प्रतिवेदन आयोगले राष्ट्रपतिसमक्ष बुझाउन चाहेको जनाउँदै उनले भने, 'निर्वाचन प्रक्रियामा सबैको प्रतिबद्धता र सहयोग भएको खण्डमा त्यो सम्भव हुन्छ भन्नेमा आयोग ढुक्क छ।'

अस्वाभाविक रूपले मतदान भएका केन्द्रलाई आयोगले विशेष सूचीमा राख्ने जानकारी दिँदै प्रमुख निर्वाचन आयुक्त थपलियाले मतदान केन्द्रमा तीनवटा सुरक्षा घेरा रहने व्यवस्था गरिएको बताए।

उनले कुनै केन्द्रमा अप्रिय घटना भएमा ३० मिनेटभित्र नेपाली सेना पुग्ने व्यवस्था मिलाइएको जानकारी दिए। बुथ कब्जा गरेर चुनाव जित्ने सोच नराख्न राजनीतिक दल र उम्मेदवारलाई सुझाव दिँदै उनले वारेसका आधारमा मतदान गर्ने प्रवृत्तिलाई निस्तेज तुल्याइने बताए।

आगामी दुई दिनभित्र मतदान केन्द्र निर्माणको कार्य पूरा भइसक्ने आयोगले जनाएको छ। प्रजातन्त्रको मेरुदण्डका रूपमा रहेको आवधिक निर्वाचनको मुख्य सरोकार पक्ष भनेको उम्मेदवार र मतदाता नै हुन्। सार्वजनिक सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएकाले विगतका जस्तो तडकभडक नभएको आयोगले जनाएको छ।

यही मंसिर ४ गते देशभर एकै चरणमा हुने उक्त निर्वाचनको लगभग सम्पूर्ण तयारी पूरा भएको सो अवसरमा जानकारी दिइयो। उक्त निर्वाचनमा एक करोड ७९ लाख ८० हजार पाँच सय ७० मतदाता कायम छन्। यही मंसिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका बालिग मतदाताले निर्वाचनमा मतदान गर्न पाउनेछन्।

मतदानका लागि १० हजार आठ सय ९२ मतदान स्थलमा २२ हजार दुई सय २७ मतदान केन्द्र कायम गरिएको छ। यस्तै एक सय ४१ अस्थायी मतदान केन्द्र र आफूलाई पायक पर्ने तथा आफू खटिएका मतदान केन्द्रबाट करिब चार लाख ५० हजार अस्थायी मतदाताले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने छन्।

झापामा निर्वाचनको सम्पूर्ण तयारी पूरा

बिर्तामोड(प्रस) । झापामा निर्वाचनको सम्पूर्ण तयारी पुरा भएको छ । आगामी ४ गते आइतबार हुने निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ ।

निर्वाचन अधिकृतको कार्यालयबाट सबै मतदान अधिकृत, सहायक मतदान अधिकृतसहित कर्मचारीहरु आवश्यक सामग्रीसहित मतदान केन्द्रतर्फ गइसकेको

जिल्ला निर्वाचन अधिकारी तुलसीकुमार नेपालले जानकारी दिए ।

जिल्ला निर्वाचन अधिकारी नेपालका अनुसार मतदान केन्द्रमा आवश्यक पर्ने मतपत्र, मतपेटीकालगायत आवश्यक सामग्रीहरु निर्वाचन अधिकृतको कार्यालयमार्फत केन्द्रमा पठाइसकिएको छ । जिल्लाका ७६८ मतदान केन्द्रहरुमा आवश्यक सामग्री अलग-अलग प्याकेजिङ गरेर पठाइएको छ । यसअघिका निर्वाचनमा जिल्लाबाटै केन्द्रहरुमा सामग्री वितरण गरिन्थ्यो भने यो निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालयहरुबाट केन्द्रहरुलाई सामग्री प्रदान गरिएको छ । जिल्लामा मतदान प्रक्रियाका लागि ७ हजार कर्मचारी परिचालन गरिएको निर्वाचन अधिकारी नेपालले जानकारी दिए ।

झापामा ६ लाख ६३ हजार ३ सय ११ मतदाता रहेका छन् । सो संख्यामा महिला र पुरुषबाहेक ८ जना अन्य रहेको निर्वाचन कार्यालय झापाले जनाएको छ । स्थानीय तहको निर्वाचन २०७९ पछि झापामा १३ हजारभन्दा बढी नयाँ मतदाता थपिएका छन् । झापाको सबैभन्दा धेरै मतदाता क्षेत्र नम्बर ५ मा छन् भने सबै भन्दा कम मतदाता क्षेत्र नम्बर १ मा रहेका छन् ।

चार महिनामा बजेट खर्च साढे १९ प्रतिशत

झापा(प्रस) । चालु आर्थिक वर्षको पहिलो चार महिनामा सरकारी बजेट खर्च साढे १९ प्रतिशत मात्रै भएको छ।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार कात्तिक मसान्तसम्म तीन खर्ब ५० अर्ब ९८ करोड ७३ लाख खर्च भएको हो। जुन वार्षिक विनियोजित बजेटको १९ दशमलव ५७ प्रतिशत बराबर हो।

यस अवधिमा चालुतर्फ २३ दशमलव ७८ प्रतिशत बजेट खर्च भएको छ। चालु आवका लागि चालु शीर्षकमा ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बजेट बिनियोजन भएकोमा कात्तिक मसान्तसम्ममा दुई खर्ब ८१ अर्ब ३८ करोड ६१ लाख खर्च भएको हो।

त्यस्तै, पुँजीगततर्फ तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बजेट बिनियोजन भएकोमा हालसम्म छ दशमलव ९१ प्रतिशत अर्थात् रु २६ अर्ब २९ करोड ६१ लाख बराबर खर्च भएको छ।

वित्तीय व्यवस्थापन शीर्षकमा दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख बराबरको वार्षिक बजेट रहेकोमा अहिलेसम्म १८ दशमलव ८१ प्रतिशत अर्थात् ४३ अर्ब ३० करोड ५१ लाख खर्च भएको छ।

यही अवधिसम्म सरकारको राजस्व सङ्कलन १९ दशमलव ११ प्रतिशत रहेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

चालु आर्थिक वर्षका लागि कूल १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख बराबर राजस्व उठाउने सरकारको लक्ष्य रहेकोमा कात्तिक मसान्तसम्ममा दुई खर्ब ६८ अर्ब सात करोड १७ लाख बराबर असुली भएको छ।

जसमध्ये कर राजस्वतर्फ १८ दशमलव ९७ प्रतिशत अर्थात् दुई खर्ब ४५ अर्ब ७८ करोड ६८ लाख र गैरकर राजस्वतर्फ २० दशमलव ६८ प्रतिशत अर्थात् २२ अर्ब २८ करोड ४९ लाख उठेको छ।

पहिलो चार महिनामा सरकारले तीन अर्ब ४१ करोड ५९ लाख वैदेशिक अनुदान लिएको छ। जुन वार्षिक लक्ष्यको छ दशमलव १६ प्रतिशत बराबर हो। चालु आवका लागि सरकारले ५५ अर्ब ४५ करोड ८३ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको छ।

बेलवारीका व्यवसायी आन्दोलित

पथरीशनिश्चरे(प्रस) । बैंकहरुले चर्को ब्याजदर निर्धारण गरेर ढाड सेकेको भन्दै बेलवारीका ब्यवसायीहरु आन्दोलित भएका छन् । बिहीवार दिउँसो उच्च बैंक ब्याजदर तथा प्रतिकुल बैकिङ नीतिका विरुद्ध उद्योगी , ब्यवसायी र सर्वसाधारणसहितले बृहत बिरोध जुलुस निकालेर विरोध गरेका हुन् ।

जुलुस बेलबारी ३ पुरानो मालपोत कार्यालयबाट शुरु भई दुर्गा मन्दिर हुँदै राष्ट्रिय बाणिज्य बैंक अगाडी पुगेर कोणसभामा परिणत भएको थियो । बेलबारी उद्योग बाणिज्य संघ र उत्तरी मोरङ होटल व्यवसायी संघको आयोजनामा भएको कार्यक्रममा ब्यवसायीहरु प्लेकार्डसहित नारावाजी गर्दै विरोधमा उत्रिएका थिए ।

'बैक ब्याज साह्रो भयो,कारोबार गर्न गाह्रो भयो,ब्यापार गर्ने स्वच्छ वातावरण बनाई दे,चर्को ब्याजदर बन्द गर,बैंक ब्याज एक अंकमा झारी दे,ओडी र डिमाण्ड लोन साविक बमोजिम नवीकरण गर' लगायतका नारा लेखिएका प्लेकार्डसहित ब्यवसायीहरुले प्रदर्शन गरेका थिए ।

ब्यापार ब्यवसाय चौपट भएको समयमा बैंकहरुले ब्याज बृद्धि गर्दा ब्यवसायीहरु थला परेको र उठ्नै नसक्ने गरि बोझ थपिएको बेलबारीका पर्यटन ब्यवसायी बिजय सुवेदीले गुनासो गरे । उनले बैंकहरुले बढाएको ब्याज तत्काल फिर्ता लिन र ब्यवसायीहरुलाई सहज किसिमले ब्यवसाय गर्ने वातावरण मिलाउन आग्रह गरे ।

मौन अवधिमा के-के गर्न पाइँदैन ?

झापा(प्रस) बिहीबार मध्यरातबाट स्थिर समय (मौन अवधि) सुरु भएको छ। मंसिर ४ को निर्वाचनका लागि त्यो समयमा चुनाव प्रचार-प्रसार गर्न र मतदातालाई प्रभावित पार्ने कुनै पनि गतिविधि गर्न पाइँदैन।

निर्वाचन आचारसंहिता-२०७९ अनुसार चुनाव हुनुभन्दा ४८ घण्टा अगाडिबाट स्थिर समय लागु हुन्छ। मौन अवधिलाई यसपालिदेखि 'स्थिर समय' वा 'शान्त समय' भनेर आयोगले परिभाषित गरेको छ। आचारसंहिता उल्लंघन गरेर निर्वाचनमा धाँधली गरेको ठहर भएमा आयोगले उम्मेदवार ीसम्म रद्द गर्ने छ। स्थिर समयमा सबै उम्मेदवारका घोषणापत्र, विचार र विगतबारे मतदातालाई सोच्न दिने समय हो।

आयुक्त तथा निर्वाचन आचारसंहिता केन्द्रीय अनुगमन समितिका संयोजक रामप्रसाद भण्डारीका अनुसार निर्वाचन हुनुभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचन प्रचारप्रसारका कुनै पनि गतिविधि गर्न पाइँदैन। मंसिरको १ गते राति १२ बजेदेखि प्रचारप्रसारका सम्पूर्ण काम निषेध हुन्छन्।

'राजनीतिक दल र उम्मेदवारले मतदाताहरूलाई घोषणापत्र घरघरमा गएर दिए। विचार र सिद्धान्त मतदातालाई सुनाए। निर्वाचनको ४८ घण्टाअघिको समय भनेको दल र दलले दिलाएको विश्वास र दिएको आश्वासन ठीक हो या गलत ? मतदातले छुट्याउने तथा शान्त भएर सोच्ने समय हो', आयुक्त भण्डारीले भने, 'तपाईंहरू(राजनीतिक दल र उम्मेवार)हरू शान्त हुनुहोस्, अब तपाईंका बारेमा मतदातालाई सोच्न दिनुहोस्।'

मतदना हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलका भ्रातृ संगठन र सम्बन्धित व्यक्तिका लागि आयोगले विशेष आचरण पालना गर्नुपर्ने निर्धारण गरेको छ।

यस्ता गतिविधि गर्न पाइँदैन

निर्वाचनको स्थितर समयमा निर्वाचन प्रचारप्रसारका लागि छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला गोष्ठी गर्न नपाइने आचारसंहितामा

❖ बाँकी अन्तिम पृष्ठमा

उल्लेख छ। आचारसंहिता अनुसार स्थिर समय सुरु हुनुभन्दा पहिले नै मतदान स्थलको तीन सय मिटर वरि परी राखिएका राजनीतिक दल तथा

पुल नबन्दा सिलिचोङमा समस्या

झापा(प्रस) । दुई वर्षअघि संखुवासभा सिलिचोङ गाउँपालिका-३ ताम्कुकी सुत्केरी सृजना कुलुडले अकालमा ज्यान गुमाइन् ।

उनलाई स्ट्रेचरमा राखेर भोजपुरको बुम्लिङ हुँदै अरुण नदीपारि खाँदबारी नगरपालिकास्थित हेलुवा बेंसीसम्म ल्याइयो । तर उनलाई समयमा अस्पताल पुऱ्याउन सकिएन । गाउँबाट अस्पतालसम्म सिधै एम्बुलेन्समा ल्याउन सकिएको भए उनलाई बचाउन सकिन्थ्यो । यो घटना महिलाको जीवन सुरक्षाको ठूलो मुद्दा बन्यो । अनि मात्र सिलिचोङका महिलाले राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत हवाई उद्धारको सुविधा पाउन थाले । उक्त गाउँपालिकाको आफ्नै एम्बुलेन्स पनि छ । तर अरुण नदीमा पुल नभएकाले त्यो एम्बुलेन्सले सदरमुकाम खाँदबारीस्थित अस्पतालसम्म बिरामी ल्याउन सक्दैन । सिलिचोङको मुख्य समस्या नै उक्त नदी र संखुवा खोलामा मोटरेबल पुल नहुनु हो । प्रचुर सम्भावना भएर पनि सिलिचोङ पिछडिनुको मुख्य कारण पनि यही हो । गाउँपालिकाका अध्यक्ष भूपालराज मेवाहाङ भन्छन्, 'गाउँपालिका सदरमुकामसँग जोडिएर पनि ओझेलमा छ ।'०७० को दोस्रो संविधानसभा निर्वाचनमा तत्कालीन संखुवासभा क्षेत्र नं. २ बाट निर्वाचित कांग्रेस सांसद तारामान गुरुङको पहलमा पुल निर्माणका लागि विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (डीपीआर) तयार भयो । तर, ०७४ मा संखुवासभाबाट निर्वाचित एमाले सांसद राजेन्द्र गौतमले उक्त डीपीआर रद्द गराइदिएको आरोप अध्यक्ष मेवाहाङको छ । 'नयाँ डीपीआर बनाउन समय लाग्ने नै भयो,' उनले थपे, 'त्यत्तिकैमा बित्यो पाँच वर्ष, अनि पुल निर्माण हुनै सकेन । मेवाहाङका अनुसार सुरुमा पुल बनाउनका लागि ठेक्का लिएको कम्पनीले काम गरेन । 'उसको सम्झौता अवधि सकियो,' उनले भने, 'अनि फेरि अर्को कम्पनीलाई ठेक्का दिइयो, त्यो कम्पनीले पनि अहिलेसम्म काम सुरु गरेको छैन ।' तम्बेमा पुल नबन्दा दैनिक उपभोग्य सामान भरियालाई बोकाएर गाउँमा पुऱ्याइने गरिएको छ ।

२०७४ पछि गठित सरकारले देशभरका पालिकाका केन्द्रलाई जिल्ला सदरमुकाममा जोड्ने योजना ल्याए पनि सिलिचोङमा लागू नभएको मेवाहाङले बताए । त्यतिबेलाका संघीय र प्रदेश सांसदबीच सिलिचोङलाई जोड्न छब्बीसे घाटबाट कि तम्बेबाट पुल निर्माण गर्ने भन्ने विवाद भएको उनको भनाइ छ । 'यो विवाद नसुल्झिँदा दुवै ठाउँमा पुल बनेन,' उनले भने । अन्य वडामा गाउँपालिकाले सडक जोडिसकेको छ । 'पुल नहुँदा प्रतिकिलो २ रुपैयाँका दरले झोलुंगे पुलबाट सामान तार्नुपर्छ,' वालाका स्थानीय रोशन राई भन्छन्, 'अरुण वारिपारि सडक संरचना तयार भएको छ तर पुल नै नहुँदा ती सडक जोडिएका छैनन् ।'२० रुपैयाँ पर्ने नुन ४५ रुपैयाँमा किन्न बाध्य छन् । दैनिक उपभोग्य सामान ढुवानीमा अझै पनि भरिया र खच्चडको भर पर्नुपर्ने अवस्था छ । प्रतिनिधिसभाका सांसद राजेन्द्र गौतमले ठेक्का लागि सकेपछि पनि निर्माण कम्पनीले काम गर्न नसक्दा ढिलाइ भएको बताए ।

दम्पत्ती ८२ लाख ठगीको आरोपमा पक्राउ

झापा(प्रस)।सर्वसाधारणको ८२ लाख रूपैयाँभन्दा बढी रकम ठगी गरेको आरोपमा प्रहरीले मोरङको सुन्दरहरैंचा नगरपालिकाबाट ज्वेलर्स सञ्चालक दम्पत्तीलाई पक्राउ गरेको छ ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठका अनुसार सुन्दरहरैंचा नगरपालिका-१० मा रहेको कमला ज्वेलर्सका सञ्चालक ४२ वर्षीय राजु विश्वकर्मा र उनकी पत्नी ३८ वर्षीया कमला विश्वकर्मालाई पक्राउ गरिएको हो । आफ्नो ज्वेलर्समा रकम जम्मा गर्न लगाएर सर्वसाधारणको लाखौं रूपैयाँ ठगी गरेको पाइएपछि विश्वकर्मा दम्पत्तीलाई पक्राउ गरिएको उनले बताए । श्रेष्ठका अनुसार १७ प्रतिशत ब्याज दिने भनेर प्रलोभनमा पार्दै ८२ लाख ७४ हजार ६ सय २ रूपैयाँ ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । बचतकर्ताले रकम फिर्ताको माग गरेपछि उनीहरु ज्वेलर्स नै बन्द गरेर भागेका थिए । गत साउन १७ गतेदेखि फरार बनेका राजु र कमलालाई जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले ४ महिनापछि पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानबाट ६५ जना सर्वसाधारणलाई ठगी गरेको खुलेको छ । विश्वकर्मा दम्पतीबाट अरु पनि सर्वसाधारण ठगिएको हुनसक्ने प्रहरीको अनुमान छ । सर्वसाधारणलाई रकम जम्मा गर्न लगाउने र पासबुक बनाएर दिने गरेको पाइएको छ । प्रहरीका अनुसार बचतकर्ताले रकम फिर्ताको माग गर्न थालेपछि उनीहरु ज्वेलर्स बन्द गरेर भागेका थिए । पक्राउ परेकाविरुद्ध ठगी मुद्दा चलाउन बुधबार म्याद थप गरेर अनुसन्धानको बाँकी प्रक्रिया अघि बढाइएको जानकारी डीएसपी श्रेष्ठले दिए ।

मध्यरातिदेखि भारत र चीनसँगको सीमानाका बन्द

झापा(प्रस) । आमनिर्वाचनका लागि बिहीबार मध्यरातिदेखि छिमेकी मुलुक भारत र चीनसँगको अन्तर्राष्ट्रिय सीमानाका बन्द भएको छ ।

४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि सरकारले सबै नाका बन्द गर्ने निर्णय गरेको हो । बिहीबार राति १२ बजेदेखि ४ मंसिर अर्थात् मतदान नसकिएसम्म नाका बन्द गर्न सरकारले समन्वय गरेको छ ।

अत्यावश्यक अवस्थाबाहेकमा आवतजावत बन्द हुनेछ । नेपाल र भारतबीच खुला सीमानाका

रहे पनि चीनसँग भने निश्चित नाका मात्र खुला रहने गर्छन् । तर , चुनाव अवधिभर सबै नाका बन्द रहने गृह मन्त्रालयले जनाएको छ । निर्वाचनलाई स्वच्छ , पारदर्शी , स्वतन्त्र , मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि नाका बन्द गरिएको सीमावर्ती जिल्लाका प्रशासन कार्यालयले सूचना जारी गरी जानकारी दिएका छन् ।

पुरुष विश्वकपको चर्चाको शिखरमा तीन महिला रेफ्री



एजेन्सी । पछिल्लो समय विश्वभरका सञ्चारमाध्यम तथा सामाजिक सञ्जालहरुमा तीन महिला रेफ्रीहरुले ट्रेन्ड गरिरहेका छन् ।

किनकि योपटक तीन महिला रेफ्रीले पहिलोपल्ट विश्वकपको खेल खेलाउँदै छन्। यसको अर्थ यो पटक विश्वकप खेलाउने महिला रेफ्रीले नयाँ विश्व कीर्तिमान बनाउनेछन् ।

साथमा नयाँ इतिहास रच्नेछन् । तीन महिला रेफ्री हुन्, फ्रान्सकी स्टेफेनी फ्रापार्ट, रुवान्डाकी सलिमा मुकानसन्गा र जापानकी योसिमी यामाशिता । विश्व फुटबल महासंघ फिफाले अहिलेसम्म ३६ रेफ्रीको सूची सार्वजनिक गर्दा तीन महिलाले स्थान बनाए । साथमा सहायक रेफ्रीतर्फ ६९ जनाको नामा समेटिँदा तीन महिला सहायक रेफ्री पनि छन् । सहायक महिला रेफ्री हुन्, ब्राजिलकी नुजा ब्याक, मेक्सिकोकी करेन डियाज मेडिना र अमेरिकाकी क्याथरन नेस्बिट । फिफाको रेफ्री कमिटीका प्रमुख हुन्, पियरलुइजी कोलिनाले लिङ्गका आधारमा हुने भेदभाव र चर्चाको अर्थ नरहने बताइन् ।

उनले छनोट गरिएका रेफ्रीहरु उम्दा भएर विश्वकपका लागि छानिएको बताइन् ।

३८ वर्षीया फ्रापार्टले लिग-वानको खेल खेलाइसकेकी छिन्। साथै महिला विश्वकपसमेत खेलाइसकेकी छिन्। फ्रापार्टपछि यामाशिता पनि अनुभवी रेफ्रीकी रुपमा रहेकी छिन् । जापानी फुटबलमा उनले निकै राम्रो छवि बनाएकी छिन् । जापानमा पुरुष फुटबल खेलाइसकेकी छन् । सन् २०१९ को एसियन च्याम्पियन्समा उनले पुरुष फुटबलमा आफ्नो भूमिका निभाउँदै पहिलो महिलाको उपमा समेत पाइन् । अर्कोतर्फ ३४ वर्षीया मुकानसन्गा पनि उतिकै क्षमतावान रहेकी छिन् । उनलाई विश्वकपमा बोलाउँदै गर्दा उनले गत जनवरीमा पुरुषको अफ्रिकी कप अफ नेसन्स खेलाएकी थिइन् । उनको खेलाउने शैलीको खुलेर प्रशंसा भयो। उनी सर्वाधिक युवा रेफ्री हुन् ।

मौन अवधिमा आचारसंहिता उल्लंघन नगर्न काउन्सिलको ध्यानाकर्षण

झापा(प्रस) । प्रेस काउन्सिल नेपालले निर्वाचनको स्थिर समय (मौन अवधि)मा आचारसंहिता पालनामा ध्यान दिन आम सञ्चारमाध्यमलाई ध्यानाकर्षण गराएको छ । आचारसंहिता उल्लंघन गरे तत्काल कारबाही गर्ने र त्यसलाई लोककल्याणकारी विज्ञापन वितरणमा समेत कडाइ गर्ने काउन्सिलले जनाएको छ ।

स्थिर समय सुरु हुनुभन्दा अघिसम्म सम्पन्न भएका राजनीतिक दलका कार्यक्रम, समाचार, तस्बिर, चुनाव चिह्न अङ्कित झन्डा/ब्यानर, श्रव्यदृश्यलगायत सामग्री समेटी सञ्चारमाध्यमबाट प्रकाशन/प्रसारण हुँदासमेत निर्वाचन आचारसंहिता उल्लंघन हुने हुँदा त्यस्तो कार्य नगर्न/नगराउन हुन सम्बद्ध सबै पक्षसँग अनुरोध गरिन्छ' काउन्सिलका सहप्रवक्ता एवं सूचना अधिकारी रामशरण बोहोराद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म प्रचारप्रसारजन्य सामग्री,

विज्ञापनलगायत राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तरजस्ता कार्यक्रम प्रकाशन/प्रसारण/सम्प्रेषण गर्न पाइने छैन भन्ने निर्वाचन आचारसंहितामा उल्लेख छ । 'कतिपय सञ्चार माध्यमबाट मौन अवधि सुरु भएपछि पनि सो अघिको मिति राखेर सामग्री सम्प्रेषण गर्ने गरेको जनगुनासा आउने गरेको उल्लेख गर्दै काउन्सिलले सूक्ष्म ढङ्गबाट अनुगमन गरिरहेकाले त्यसतर्फ समेत सजगता अपनाउन आग्रह गरेको छ ।

'स्थिर समय (मौन अवधि)मा आचारसंहिता उल्लंघन भएमा पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) र निर्वाचन आचारसंहिता, २०७९ को व्यवस्थाबमोजिम तत्कालै कारबाही प्रक्रिया अवलम्बन गरिनेछ' विज्ञप्तिमा भनिएको छ, 'निर्वाचनका सन्दर्भमा देखिएका आचारसंहिता उल्लंघनका विषयलाई सञ्चारमाध्यमको मूल्याङ्कन/वर्गीकरण एवं लोककल्याणकारी विज्ञापनको भुक्तानीका लागि समेत आधारका रूपमा अभिलेखीकरण एवं सिफारिस गरिनेतर्फ समेत यसै विज्ञप्तिमार्फत् जानकारी गराइन्छ ।'

मौन...

उम्मेदवारका चुनाव प्रचारप्रसारका सामग्री हटाउनु पर्ने छ।

कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन। सामाजिक सञ्जाल, अनलाइन, छापालगायत अन्य कुनै माध्यमबाट राजनीतिक दल तथा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न पाइँदैन। ती सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोस्ट तथा शेयर गर्न गराउन निषेध गरिएको छ।अनुगमनमा गोप्य टिम निर्वाचनको अन्तिम समयमा बढी चलखेल हुँदै आएको छ। सत्तामा र सरकारी निकाय नजिक रहेको सरकारी सम्पत्तिको पनि प्रयोग हुँदै आएको छ। यसको नियन्त्रणका लागि आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरी, केही गोप्य टिमहरू देशैभर खटाइएको प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले जानकारी दिए।

मदिरा बिक्री वितरणमा रोक

निर्वाचनको शान्ति सुरक्षाका लागि मदिराजन्य सामग्रीको बिक्री वितरणमा रोक लगाइएको छ। 'यस अवधिमा हामीले मदिराजन्य सामग्री ओसारपसार तथा बिक्री वितरणमा नियन्त्रण गरेका छौं', उनले भने, 'शान्ति भंग हुने कुनै काम गर्न दिँदैनौं।' यसपल्ट उम्मेदवारभन्दा तिनले नियुक्ति गरेका र मतलाई तलमाथि गर्ने अदृश्य ठेकेदारहरूको बढी चलखेल हुन्छ कि भन्ने आशंका लागेको छ। त्यसका लागि आयोगले विशेष निगरानी बढाइएको उनले बताए।

चुनाव भाँडे उम्मेदवारी रद्द

कुनै उम्मेदवारले आयोगले बनाएको आचारसंहिताको उल्लंघन गरेर निर्वाचनमा धाँधली गरे उम्मेदवारी रद्द हुने कानुनी व्यवस्था छ। यसरी उम्मेदवारी रद्द गर्नु अघि सम्बन्धित उम्मेदवारलाई सफाइको उचित मौका दिइने छ। कानुन अनुसार आचारसंहिता उल्लंघन गर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी र निकायलाई आयोगले एक लाख रुपैयाँसम्म जरिबाना गर्ने छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

लाखौँ लगानी गरेर रोपेको फूल बाख्रालाई खुवाउँदै

झापा(प्रस)। करेसाबारी र आँगनको शोभा बढाउँछ फूलले । घरको शोभा बढाउन मात्र होइन यति बेला व्यावसायिक रुपमा फूल खेती गर्न पनि थालिएको छ ।

विभिन्न चाडपर्व, कार्यक्रम र उत्सवमा फूलको मालाको प्रयोग हुन थालेपछि व्यावसायिक रुपमा फूलखेती गर्नेहरु बढेका छन् । तेह्रथुमको फेदाप गाउँपालिका-२ ओयाक्जुङका किसान महेन्द्र तामाङले रु एक लाख लागतमा फूल खेती गरे। तिहारमा फूलको माग बढी हुने र जिल्लामा अरु फूल व्यावसायिक पनि नभएकाले उनी फूल खेती सुरु गरे । थोरै लगानीबाट मनग्य आम्दानी लिने सोचका साथ फूल खेती गरेका तामाङले लगाएको फूल यति बेला खेर गइरहेको छ । तिहार लक्षित गरेर लगाइएको सयपत्री फूल तिहार सकिएपछि फुलेकाले तामाङको मेहनत बालुवामा पानी

खन्याएजस्तै भएको छ । यतिबेला उनको बारीमा फूल फुलेर ढकमक भएको छ । यस वर्षको तिहार गत वर्षको तुलनामा केही समयअघि भएकाले रोप्ने समयमा ख्याल नगरी रोप्दा नोक्सान बेहोर्नुपरेको महेन्द्रकी श्रीमती अम्बिका तामाङले बताए । उनी भन्छन्, 'अरु नै खेती गर्दै आएका थियौ । फूल खेतीबाट राम्रो आम्दानी लिनको लागि धरानबाट दुई सय पाँच सय बिरुवा ल्याई तीन रोपनी क्षेत्रफल जग्गामा लगाइएको फूल अहिले खेर गइरहेको छ । अरु नै खेती लगाको भए अलि अलि भए नि आम्दानी हुन्थ्यो ।'

लगानी नै फसेको गुनासो गरे ।'फूल बिक्री हुने समय सकिएकाले फूल त्यतिकै बारीमै खेर जाने तामाङको भनाइ छ । उनी भन्छन्, 'धेरै राम्रो फूल भए तापनि बिक्री नभएपछि के गर्नु बाख्रालाई खुवाएर नि सकिँदैन । ठूल्ठूला शहरमा बाह्रै महिना फूलको माग हुने गर्छ अरे तर यहाँ त त्यहाँसम्म पुर्याउने बाटोघाटो नि छैन । यहाँ त यतिकै नास भएर जाने भयो ।'

उत्पादन बढाऔं र मितव्ययी बनौं
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

आदिवासीको गुनासो

पूर्वका आदिवासी समुदायले आफूहरुलाई भोट बैंकको रुपमा मात्र प्रयोग गर्ने गरिएको गुनासो गर्छन् । उनीहरुले राजनीतिक अधिकार नपाएको गुनासो गरेका हुन् । जब जब चुनाव आउँछ, तब तब दलका नेताहरू गाउँबस्तीभित्र छिर्छन्। जहाँ जेभन्दा जो खुसी हुन्छन् भन्ने लाग्छ, त्यस्तै त्यस्तै आश्वासन बाँड्छन्। सोझा सिधा आदिवासी र भूमिहीन सुकुम्बासीको बस्तीमा पसेर विभिन्न आश्वासन देखाइदिन्छन्। खानेपानी नभएको गाउँमा पानी ल्याइदिने वाचा गर्छन्। मोटर नपुगेको ठाउँमा सडक बनाउने कसम खान्छन्। खोलामा पुल हाल्नेदेखि लिएर सिँचाइ र बिजुली बत्तीसम्मका आश्वासन उम्मेदवारका मुखमै झुन्डिएका हुन्छन्। शिक्षा, स्वास्थ्य र रोजगारी पनि उनीहरू छुटाउँदैनन्। त्यस्तै आश्वासनकै भरमा चुनाव जितेपछि भने उनीहरू फर्केर जाँदैनन्। हुन पनि एउटा सांसद वा नेताले चाहेर न कसैले लालपुर्जा बाँड्न सक्छ न कसैलाई रोजगारी दिलाउन सक्छ। आदिवासी र भूमिहीन सुकुम्बासीको समाधानका लागि सरकारले केन्द्रस्तरबाटै कदम चाल्नुपर्छ। आदिवासीहरु दिनप्रतिदिन खस्किदै गएका छन् । मूलवासी आदिवासीहरु हराउँदै गएका छन् । राजनीतिक ,आर्थिक , सामाजिक , शैक्षिकलगायत सबै क्षेत्रमा उनीहरु पछि पर्दै गएका हुन् ।

नेपालका धेरै कुना कन्दराहरूका बासिन्दा सधैं भोट बैंक बन्न बाध्य छन्। जहाँ अभाव छ, त्यही ठाउँ र समुदायलाई नेता र उम्मेदवारहरूले आश्वासन बाँड्छन्। सधैं कुनै न कुनै आस देखाउँछन् अनि भोट माग्छन्। जिते वा हारेपछि उनीहरूलाई त्यहाँका बासिन्दाको कुनै मतलब हुँदैन।

नागरिक भनेको एक थान मतदाता वा एक भोटमात्रै होइनन् । राजनीति भनेकै जनतामा केन्द्रित हुनुपर्छ। जनताको सेवामा केन्द्रित हुनुपर्छ। तर, सत्तामा पुग्ने र आफ्नै दुनो सोझ्याउने माध्यम जो राजनीति भइरहेको छ। राजनीति केवल चुनावदेखि चुनावसम्म फनफनी घुमेको छ। राजनीतिले न सीमान्त भूगोलका समस्या सल्टाउन सकेको छ न त अरू कुनै नागरिकको जनजीविकाको सवाल। त्यसैले नै राजनीतिप्रति नागरिकहरूको वितृष्णाको ग्राफ उकालिएको छ। सबै जाति समुदायले राज्यको सेवा सुविधा उपभोग गर्न पाउनु पर्छ ।

आदिवासीहरुको जीवनस्तर उकास्ने कार्यक्रम ल्याइयोस् । उनीहरु केवल भोट बैंक मात्र हुनुहुँदैन । नेताहरूले जनतालाई एक भोटमात्रै ठान्ने रवैयाको अन्त्य जरुरी छ।

उम्मेदवारको खर्च सीमा

• यज्ञप्रसाद भट्टराई

नेपालको संविधान जारी भएपश्चात् दोस्रो पटक प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको आवधिक निर्वाचन हुँदैछ । नेपाल सरकारले संवत् २०७९ साल मङ्सिर ४ गते एकै चरणमा सम्पन्न गर्ने गरी निर्वाचन मिति तोकेको छ। तोकिएको समयमा नै स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न गराउन निर्वाचन आयोगलाई सरकार, राजनीतिक दल, नागरिक समाज सबैको सार्थक सहयोग आवाश्यक हुन्छ। स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचनका लागि निर्वाचनमा दल र उम्मेदवारले गर्ने खर्च मितव्ययी र पारदर्शी हुन जरुरी हुन्छ। गत स्थानीय तह निर्वाचनमा कानुनले तोकेको समय सीमाभित्र खर्च विवरण पेस नगर्ने १,२३,३६० जना व्यक्तिलाई आयोगले तोकेको खर्चको हद बराबरको जरिवाना निर्वाचन आयोगले गरिसकेको छ। त्यसरी जरिवाना लागेका तर जरिवाना भुक्तान नगरेका व्यक्ति प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा उम्मेदवार हुन अयोग्य भएको अवस्था छ। त्यही अयोग्यताको कारणले गर्दा कतिपय व्यक्ति प्रतिनिधि सभा तथा प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ र समानुपातिक निर्वाचन प्रणाली तर्फ ३६९ जना व्यक्तिको नाम दलको बन्द सूचीबाट आयोगले हटाइदिएको अवस्था छ।

निर्वाचनमा दलले र उम्मेदवारले गर्ने खर्चको सही व्यवस्थापन हुन सकेन भने त्यसले उम्मेदवारबीचको प्रतिस्पर्धा धमिल्याउन सक्छ। अपारदर्शी खर्चले राजनीतिक दललाई आफ्ना मतदाताप्रति भन्दा जसले सहयोग गर्छ तिनीहरूप्रति बढी जवाफदेही हुने अवस्था सिर्जना गर्न सक्छ । पैसा आधुनिक राजनीतिमा एक आवश्यक पक्ष बनेको छ तर यसले लोकतान्त्रिक मुलुकमा अधिक चुनौती थपेको छ। राजनीतिमा जथाभावी र अपारदर्शी रूपमा भएको आर्थिक सहयोग एवं निर्वाचनमा दलका उम्मेदवारले जथाभावी रूपमा सहयोग लिने र खर्च गर्ने कार्यले राजनीतिक प्रणाली माथि नै वितृष्णा फैलिन्छ। यस्तो कार्यले कुशासन र भ्रष्टाचार निम्ताउन सक्छ। निर्वाचनमा उम्मेदवारले सरकारी स्रोतको प्रयोग गर्ने, अवैध रूपमा सहयोग लिने, अधिकतम खर्च गर्ने, भोट खरिद गर्नेजस्ता कार्य हुन सक्ने सम्भावना हुन्छ। यस्ता खालको कार्यले भ्रष्टाचार बढाई राजनीतिक प्रणालीमा नै चुनौती थपिन्छ। राजनीतिक दल र उम्मेदवारलाई सार्वजनिक पदमा चुनाव लड्न गरिने आर्थिक सहयोगको प्रावधान वर्तमान समयमा संसारकै प्रायजसो देशमा प्रयोग भएको पाइन्छ। पैसा राजनीतिक प्रणालीमा जहिल्यै समस्या बनेको छ र यसलाई नियन्त्रण गर्नु आवश्यक हुन्छ। राजनीतिक व्यवस्था मतपत्रद्वारा नियन्त्रित होस् नकी पैसाद्वारा भन्ने मान्यताअनुरूप निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले कतिसम्म खर्च गर्ने भन्ने कुरामा केही सीमा र मापदण्ड तोकिएको हुन्छ र तोकिनु आवाश्यक छ। हाम्रो देशमा पनि प्रचलित निर्वाचनसम्बन्धी कानुनले दल र उम्मेदवारले निर्वाचनमा खर्च गर्न पाउने खर्चको हद आयोगले तोक्न सक्ने गरी अधिकार दिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ ले आयोगले राजनीतिक दल वा उम्मेदवारले निर्वाचनमा गर्न पाउने खर्चको अधिकतम हद तोक्ने व्यवस्था छ। त्यसैगरी प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ७२ मा दल वा उम्मेदवारले गर्ने निर्वाचन प्रचार प्रसारको खर्चको हद आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएबमोजिम हुने व्यवस्था छ। सोही व्यवस्था मुताविक मिति २०७९ असोज ३१ को नेपाल राजपत्रमा सूचना प्रकाशित भएको छ। यस पटकको निर्वाचनमा विगतका निर्वाचनमा भन्दा केही फरक तरिकाले खर्चको सिमा निर्धारण गरिएको छ। सम्बन्धित निर्वाचन क्षेत्रमा रहेका मतदाताको सङ्ख्या, मतदान केन्द्रको सङ्ख्या र भूगोललाई आधार मानेर हरेक निर्वाचन क्षेत्रमा फरकफरक हद तोकिएको छ। प्रतिनिधि सभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन तर्फ उम्मेदवारले अधिकतम २५ लाख, पाँचवटा निर्वाचन क्षेत्रमा, २७ लाख १७ निर्वाचन क्षेत्रमा, २९ लाख ६५ निर्वाचन क्षेत्रमा, ३१ लाख ५२ निर्वान क्षेत्रमा र ३३ लाख रुपियाँ २६ निर्वाचन क्षेत्रमा खर्च गर्न सक्ने गरी सीमा तोकिएको छ। प्रदेश सभा सदस्यको निर्वाचन तर्फ १५ लाख ७० निर्वाचन क्षेत्रमा, १७ लाख १४३ निर्वाचन क्षेत्रमा, १९ लाख ५६ निर्वाचन क्षेत्रमा, २१ लाख २९ निर्वाचन क्षेत्रमा र २३ लाख ३२ निर्वाचन क्षेत्रमा खर्च गर्न सक्ने गरी प्रत्येक निर्वाचन क्षेत्रअनुसार फरकफरक सीमा निर्धारण गरिएको छ। त्यसैगरी समानुपातिक निर्वाचन प्रणाली तर्फ राजनीतिक दलले प्रतिनिधि सभा सदस्य निर्वाचनतर्फ सम्बन्धित दलले पेस गरेको बन्दसूचीमा कायम भएका उम्मेदवारको सङ्ख्याअनुसार प्रति उम्मेदवार दुई लाख रुपियाँ र प्रदेश सभातर्फ प्रति उम्मेदवार एक लाख पचास हजार रुपियाँसम्म दललले खर्च गर्न सक्ने व्यवस्था छ। निर्वाचन कानुन तथा निर्वाचन आचारसंहिता २०७९ ले राजनीतिक दल वा उम्मेदवारले निर्वाचन खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा खाताखोली गर्नुपर्ने, खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नुपर्ने, पच्चीस हजार रुपियाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्क वा वित्तीय संस्थामार्फत गर्नुपर्ने, खर्चको विवरण र विल भरपाई राख्नु पर्ने, खर्चको विवरण सार्वजनिक गर्नुपर्ने जस्ता कुराको व्यवस्था गरेको छ र दल वा उम्मेदवारले सोहीबमोजिम गर्नुपर्छ। दल, उम्मेदवार वा तिनको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण आयोगले तोकेको ढाँचामा राख्नुपर्छ। आयोगले तोकेको खर्चको हदभन्दा बढी खर्च गर्न पाइँदैन। खर्चको विवरण दल, उम्मेदवार र तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र निर्वाचन कार्यालयमा बुझाउनु पर्ने र निर्वाचन कार्यालयले आयोगमा पठाउनु पर्छ। निर्वाचन प्रचारप्रसार खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र नबुझाउने दल वा उम्मेदवारलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन बढी हुन्छ सोही बराबरको रकम जरिवाना हुन्छ। त्यसैगरी आयोगले तोकिदिएको खर्चको हदभन्दा बढी खर्च गरेमा त्यसरी भएको खर्च बराबरको रकम जरिवाना हुने व्यवस्था छ। राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्च विवरण सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गर्नुपर्छ र सो नगरेमा आयोगले १५ हजारसम्म जरिबाना गरी सार्वजनिक गर्न आदेश दिन सक्ने व्यवस्था छ। जरिबाना नबुझाउने दल वा उम्मेदवारलाई तत्कालैदेखि लागू हुने गरी छ वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन रोक लगाउन वा उम्मेदवार हुन अयोग्य घोषित गर्न आयोगले सक्छ भने त्यस्तो व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वतः बदर हुने कानुनी व्यवस्था छ। निर्वाचनमा दल र दलको उम्मेदवारले गर्ने खर्च मितव्ययी र पारदर्शी हुनुपर्छ। उम्मेदवारले गर्ने खर्चको विवरण पारदर्शी रूपमा राखी कानुनले तोकेको समयमा सार्वजनिक गर्ने र आयोगमा समेत पठाउने कानुनी दायित्व दल वा उम्मेदवारले पूरा गर्नु पर्छ। निर्वाचनमा देखिने खर्चभन्दा नदेखिने र हिसाब नराखिने खर्च धेरै भएको सुनिन्छ। यस प्रकारको खर्चको लेखाजोखा गर्न आयोगले नेपाल प्रहरीलाई निर्देशन पनि दिएको छ। यस्तो खालको खर्चले गर्दा भ्रष्टाचार बढ्ने गरेको छ। शासन मतले सञ्चालन हुने अवस्था सिर्जन हुनुपर्छ नोटले होइन। आममतदाताले अवैध खर्च गरेर निर्वाचन परिणाम हात पार्न खोज्ने दल वा उम्मेदवारको प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ। जसले निर्वाचनमा धेरै खर्च गर्छ त्यो उम्मेदवार पक्कै पनि सदाचारी हुँदैन। इमानदार र योग्य उम्मेदवारले धेरै पैसा खर्च गर्दा पनि गर्दैन।

जसले धेरै र अवैध खर्च गर्छ त्यसले अवैध तरिकाले धन सम्पत्ति त आर्जन गरेको हुन्छ। त्यसरी आर्जित पैसा तपाईं हामीले तिरेको कर हो। जुन दल वा उम्मेदवारले त्यसरी पैसा बाँड्छ भने त्यो मतदाताले लिए पनि पाप लाग्दैन र त्यो पैसा मतदाताले तिरेको कर हो। तर त्यस्तो पैसाको प्रलोभनमा परेर मत दिएमा अवश्य पनि पाप लाग्न सक्छ। तसर्थ मत दिँदा भने आफ्नो विवेक प्रयोग गरेर योग्य र इमानदार व्यक्तिलाई दिनुपर्छ। निर्वाचनमा दल र उम्मेदवारले गर्ने खर्च धेरै गर्ने तर बिल भरपाई ठिक्क मिलाएर पेस गर्ने प्रवृत्ति छ। दल वा उम्मेदवारले निर्वाचनमा करोडौँ खर्च गरेका कुरा बाहिर आइरहन्छन्। यस कुराको प्रमाण सङ्कलन गर्न कठिनाइ छ र प्रमाण नभएसम्म कारबाही हुन सक्दैन। तसर्थ यस्ता खालका कानुनविपरीतका खर्च गर्ने उम्मेदवारले गरेको खर्चको प्रमाणसहितको उजुरी सचेत नागरिकले सम्बन्धित निकायमा दिनुपर्छ। अतः आममतदाताले निर्वाचनमा हुने अवैध खर्चलाई निरुत्साहित गरी पैसाको बलमा चुनाव जित्ने खालका पात्र र प्रवृत्तिलाई पाखा लगाउँदै स्वतन्त्र, स्वच्छ र विश्वसनीय निर्वाचनको वातावरण बनाउनु आवाश्यक छ। देशमा समृद्धि ल्याउन सक्ने खालका दूरदृष्टि भएका सक्षम, योग्य र इमानदार व्यक्तिलाई निर्वाचित गर्न आममतदाता, नागरिक समाज सबैले दल र उम्मेदवारले गर्ने अपारदर्शी खर्चको सम्बन्धमा निगरानी राख्नु जरुरी छ। निर्वाचनमा हुने अवैध खर्च रोक्न नागरिक समाज, सञ्चारकर्मी तथा आम सचेत मतदाताको अहम् भूमिका रहन्छ र यसप्रति सबै चनाखो हुनु जरुरी छ।

प्रदेश सभा निर्वाचनमा चासो

• रमेशकुमार गौतम

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन आउन अब दुई दिन मात्रै बाँकी छ । सबैजनाको चासो यही निर्वाचनतर्फ नै छ । चुनावमा आफूले रोजेको उम्मेदवारले जित्छ छ कि जित्दैन भन्नेतर्फ आममतदाताको चासो छ । प्रतिनिधि सभाको निर्वाचन अनि यसको कामकारबाही बारे प्रायजसो सबै मतदाता नै अभ्यस्त छन् । तर भर्खर मात्रै एक कार्यकाल सकिएर र दोस्रो कार्यकालका लागि प्रदेश सभाको निर्वाचन हुँदैछ । त्यसैले प्रदेश सभाको कामकारबाही प्रति धेरैजनालाई नौलो अभ्यास लागेको छ । यसको विकृत पक्षबारे पनि जनताले चिन्ता र चासो देखाएका छन् । केही जनताले प्रदेश सभालाई खर्चिलो र अनावश्यक ठानेका छन् भने अन्य जनताले यसलाई संघीयताको उत्तम अभ्यास ठानेका छन् । अझ केही जनताले चाहिँ संघ र स्थानीय सरकार भए पुग्छ । यो प्रदेश सभाको कामै छैन खाली आफ्नो दलका नेता कार्यकर्तालाई रोजगार दिने ठाउँ मात्रै भएको छ भन्ने खालका आरोप लगाएको देखिन्छ । केही राजनीतिक दलले आफ्नो घोषणा पत्रैमा यसको खारेजी बारेमा उल्लेख गरेका छन् । त्यसैले प्रदेश व्यवस्थाको पक्ष र विपक्षप्रति धारणा राख्ने दल तथा उम्मेदवारहरूलाई जनताको बीचमा अनुमोदनका लागि जान यो आवधिक निर्वाचन माध्यम बनेको छ । प्रदेशको फाइदा र बेफाइदा बारे द्विविधा हटाउनका लागि प्रदेश सभा पक्षधर राजनीतिक दल र प्रदेश सभाका उम्मेदवारका लागि यस पटकको निर्वाचन एउटा अवसर पनि हो । त्यसैले यस निर्वाचनमार्फत मतदाताको चिन्ता र चासोतर्फ प्रति राजनीतिक दल र उम्मेदवार हरूले आफ्नो प्रतिबद्धता देखाउन सक्नुपर्ने हुन्छ । प्रदेश सञ्चालनमा भएका कमीकमजोरीलाई कसरी हटाउन सकिन्छ त्यसबारेमा समेत जनतामा प्रतिबद्धता देखाउने अवसर भएकोले यो विषयलाई दलहरूले व्यापक छलफल चलाउनुपर्ने देखिन्छ । दलहरूले आफ्नो घोषणापत्रमा औपचारिकताका रूपमा प्रदेशको बारेमा केही शब्दहरू त खर्चेका छन् तर विभिन्न चुनावी सभाहरूमा भने व्यापक रूपमा छलफलमा ल्याएको देखिँदैन । त्यसैले निर्वाचन आउन केही दिन बाँकी रहेको अवस्थामा समेत यसलाई मतदातासमक्ष अनुमदनका लागि लानुपर्ने देखिन्छ । आफू र आफ्नो दलले गरेका कमजोरीलाई सच्याउन कटिबद्ध हुनुपर्ने देखिन्छ । पहिले भए गरेका नकारात्मक पक्षको बारेमा जनताको बीचमा खुलेर छलफल गरी अब आइन्दा त्यस्तो कमजोरी नदाहोऱ्याउने प्रतिबद्धतासमेत जाहेर गर्नुपर्ने हुन्छ ।

खासगरी पहिलो प्रदेश सभामा भएका केही जनअपेक्षा प्रतिकूलका कारण मतदातालाई नैराश्यता जगाएको छ । पाँच वर्षको अवधिमा आफ्नो नामसमेत राख्न नसक्ने प्रदेशसमेत देखियो । खासगरी पचासको दशकमा नेपालको संसदीय अभ्यासमा देखिएका विकृतिहरू समेत प्रदेशहरूमा देखिए । दलका निर्वाचित सांसदहरूलाई भाग पुऱ्याउनकै लागि मन्त्रालयहरू टुक्र्याउने , स्थिर सरकारको भावनाविपरीत पालैपालो आफ्ना सबै सांसद्हरूलाई मन्त्री बनाउने , दलबदल गर्ने गरेको देखियो । यसले जनतामा जनतालाई प्रदेश सभा प्रति नकारात्मक धारणा बढ्दै गएको छ । भोलि फेरि यस्तै क्रियाकलाप दोहोऱ्याउने हो भने प्रदेशका लागि किन भोट हाल्ने भन्ने खालको धारणा अधिकांश मतदातामा हुन सक्छ । प्रदेश सरकारको तुलनामा केन्द्रीय सरकार र स्थानीय सरकारको महसुस जनताले बढी नै गर्ने गरेको देखियो । तर प्रदेश सरकार जनताले टाढाको सरकार भएको महसुस गरेका छन् । प्रदेश सरकार कतै पहिलेका क्षेत्रीय कार्यालयहरू / क्षेत्रीय निर्देशनालयहरू जस्तो संरचनामा सीमित हुने त होइन ? जनताले प्रश्न उठाइरहेका छन् । संयोग नै मान्नुपर्ने हुन्छ प्रदेश सरकारका केही मन्त्रालयहरू अहिले पहिलेका क्षेत्रीय कार्यालय / क्षेत्रीय निर्देशनालय भएका कार्यालयबाट नै सञ्चालन भइरहेका छन् । त्यसैले प्रदेश संरचनाको गरिमा बढाउनका लागि उम्मेदवारले मतदाताबीच खुलस्त पार्न यो निर्वाचन ठूलो माध्यम बन्छ । प्रदेश सभाले आफ्नो प्रदेशको विकासका लागि के कस्ता कानुन बनाए ? जनतालाई सेवा पुऱ्याउनका लागि स्थानीय र संघीय सरकारभन्दा फरक किसिमका के कस्ता कार्यक्रमहरू आए ? त्यसैगरी , प्रदेश सरकारले आफ्नो प्रदेशको समद्धिका लागि के कस्ता स्रोत साधनहरू प्रदेशभित्र ल्याए । प्रदेशले आफ्ना क्षेत्रभित्रका पालिका बीचमा प्राकृतिक स्रोत साधन वितरणमा के कस्तो भूमिका खेले ? अन्तर प्रदेश परिषद्को बैठकमा के कस्तो भूमिका खेले ? केन्द्रीय सरकारबाट कति बजेट आफ्नो प्रदेशमा ल्याउन सफल भए त्यस बारेमा मतदाताले जानकारी पाएमा उनीहरूले प्रदेशप्रति देखाएको नकारात्मक धारणामा अवश्य नै परिवर्तन आउथ्यो कि ? अनि प्रादेशिक संरचनाप्रतिको सकारात्मक / नकारात्मक धारणा बढ्थ्यो कि ? संविधानले प्रदेशको एकल अधिकारको रूपमा २१ वटा अधिकार अनुसूची ६ मा उल्लेख गरेको छ । त्यसैगरी , संघ र प्रदेशको साझा अधिकारको रूपमा २५ वटा अधिकार अनुसूची ७ मा उल्लेख गरेको छ । अनुसूची ९ मा स्थानीय तह , प्रदेश र संघको साझा अधिकारको रूपमा १५ वटा अधिकार उल्लेख गरेको छ । यी अनुसूचीहरूमा प्रदेशको भूमिका रूपष्ट रूपमा उल्लेख गरेकोले सोहीबमोजिम प्रदेश कति अगाडि बढे त ? आज आमनागरिकको जिज्ञासा रहेको छ । अनि ती संविधानमा उल्लेख गरेका अधिकारको कार्यान्वयनमा दलहरू र तत्कालीन अवस्थाका प्रदेश सभाका सांसदहरूको के कस्तो भूमिका रह्यो ? जनता जान्न चाहन्छन् । यी विषयमा राजनीतिक दल तथा उम्मेदवारले पक्कै पनि जिम्मेवारपूर्ण तरिकाले सोच्नुपर्ने देखिएको छ ।

कोरोना बीमाको दाबी भुक्तानी गर्न पुनर्बीमा कम्पनीले पैसा नदिने

झापा(प्रस) । कोरोना बीमाको दाबी भुक्तानीमा फेरि समस्या उत्पन्न भएको छ ।

अर्थ मन्त्रालयले दिएको १ अर्ब रूपैयाँमा ८१ करोड रूपैयाँ थप गरेर भुक्तानी गर्न खोज्दा समस्या उत्पन्न भएको हो ।अर्थ मन्त्रालयले असोज तेम्रो साता नै कोरोना बीमाको दाबी भुक्तानी गर्नका लागि बीमा समिति (अहिले बीमा प्राधिकरण) लाई १ अर्ब रूपैयाँ निकासा दिएको थियो । प्राधिकरणले मन्त्रालयबाट प्राप्त भएको रकमलाई ५५ प्रतिशत मानी त्यसमा ४५ प्रतिशत थप गरेर भुक्तानी गर्ने मोडालिटी बनाएको थियो ।प्राधिकरणले तय गरेको मोडालिटीमा अर्थ मन्त्रालयले दिएको १ अर्ब रूपैयाँलाई ५५ प्रतिशत मान्दा हुन आउने रकमलाई शतप्रतिशत मानी त्यसको ८ प्रतिशत (१४ करोड ५४ लाख रूपैयाँ) प्राधिकरणले दिने भनिएको थियो । यस्तै नेपाल पुनर्बीमा कम्पनीले १२ प्रतिशत (२१ करोड ८१ लाख रूपैयाँ) र निर्जीवन बीमा कम्पनीहरूले २५ प्रतिशत (४५ करोड ४५ लाख) रूपैयाँ दिने भनिएको थियो ।प्राधिकरणले भुक्तानीका लागि एक साताअघि निर्जीवन बीमा व्यवसाय गर्ने बीमा कम्पनीहरूको संस्था नेपाल बीमक संघको खातामा १ अर्ब १४ करोड ५४ लाख रूपैयाँ पठाएको छ। यो रकम अर्थ मन्त्रालयले दिएको १ अर्ब र प्राधिकरणले दिएको १४ करोड ५४ लाख रूपैयाँसमेत गरी हो ।प्राधिकरणले दिएको रकम संघको खातामा जम्मा भइसकेको संघका अध्यक्ष चङ्गी क्षेत्रीले बताए। प्राधिकरणले दिएको रकममा बीमा कम्पनीहरू र नेपाल पुनर्बीमा कम्पनीबाट रकम आएपछि मात्रै १ अर्ब ८१ करोड ८१ लाख रूपैयाँ हुन्छ । संघले सबै कम्पनीहरूलाई कुन कम्पनीको भागमा कति रकम पर्छ भनेर हिसाब

गरी पत्र पठाएको छ । 'बीमा कम्पनीहरूले दिनुपर्ने रकम कुन कम्पनीको भागमा कति पर्छ भन्ने हिसाब गरेर सबै कम्पनीलाई पत्र पठाएका छौँ, कम्पनीहरूका सञ्चालक समितिले निर्णय गरेपछि रकम उपलब्ध हुन्छ, कम्पनीहरूले रकम दिइसकेका छैनन्,'सगरमाथा इन्स्योरेन्स कम्पनीको प्रमुख कार्यकारी अधिकृतसमेत रहेका क्षेत्रीले भने। उनले बीमा कम्पनीहरूले रकम उपलब्ध गराउने नगराउने विषयमा यकिन नभए पनि प्राधिकरणले 'मिलाएर भुक्तानी गर्नुस्' भनेकाले कसरी भुक्तानी गर्ने भन्ने छलफल चलिरहेको जानकारी दिए। ' अहिले हामीसँग १ अर्ब ८१ करोड रूपैयाँ छैन तर १ अर्ब ८१ करोड रूपैयाँ भुक्तानी गर्नु भन्ने प्राधिकरणको निर्देशन छ, हामीले पनि हाम्रा सदस्यहरूलाई पत्र पठाएर छिटो जानकारी दिन भनेका छौँ,' अध्यक्ष क्षेत्रीले भने ।

पैसा दिन्नौँ : नेपाल पुनर्बीमा

बीमा प्राधिकरणले तय गरेको मापदण्डअनुसार नेपाल पुनर्बीमा कम्पनीले रकम नदिने भएको छ। प्राधिकरणले कम्पनीलाई १ अर्ब रूपैयाँलाई ५५ प्रतिशत मान्दा हुन आउने रकमको ८ प्रतिशतले हुन आउने रकम १४ करोड ५४ लाख रूपैयाँ भुक्तानी दिनुपर्ने तय गरेको छ । तर यो रकम दिन नसकिने कम्पनीका अध्यक्ष रवीन्द्र घिमिरे बताउँछन् । 'हामीले दिनुपर्ने रकम पहिला नै दिइसकेका छौँ, हामी सरकारको पनि लगानी भएको कम्पनी हौँ, यो कम्पनीमा सरकारको ४४ प्रतिशत सेयर लगानी छ, एक सय रूपैयाँ भत्ता बढाउन पनि अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्छ। सेयरधनीको पैसा हामीले आफूखुसी दिन मिल्दैन भनेर प्राधिकरणलाई पत्र पठाएका छौँ, थप पैसा दिन सकिँदैन,' अध्यक्ष घिमिरेले भने ।

नदिएर हुन्न, दिनैपर्छ : प्राधिकरण

कम्पनीले आफ्नो भागमा परेको रकम दिन सकिन्न भनेर औपचारिक पत्र पठाएपछि प्राधिकरणले पुनः पत्र पठाउँदै रकम दिन ताकेता गरेको छ। बीमा क्षेत्रको नियामक निकायले तय गरको मापदण्ड र सो मापदण्ड सरकारले पनि स्वीकृत गरेकाले नेपाल पुनर्बीमा कम्पनीले भुक्तानी दिन्नँ भन्न नमिल्ने प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए। 'बीमा प्राधिकरण पनि सरकारले नै स्थापना गरेको बीमा क्षेत्रको नियामक निकाय हो, हामीले भुक्तानी मापदण्ड तय गर्दा सरकारको पनि संलग्नता छ, तय भएको मापदण्डअनुसार सरकार (अर्थ मन्त्रालय)ले रकम दिने, बीमा प्राधिकरणले दिने, बीमा कम्पनीहरूले दिने तर नेपाल पुनर्बीमा कम्पनीले नदिने भन्ने हुँदैन, दिनै पर्छ,' कार्यकारी निर्देशक पौडेलले भने ।

कहिलेदेखि पाइन्छ पैसा ?

पुनर्बीमा कम्पनीले रकम दिने नदिने विवाद यथावत रहेपछि अर्थ मन्त्रालय र प्राधिकरणले दिएको रकम तत्काल भुक्तानीको प्रबन्ध नेपाल बीमक संघले आवश्यक गृहकार्य थालेको छ । यद्यपि बीमा कम्पनीहरूले दिने रकम पनि प्राप्त भइनसकेकाले कति रकम र कसरी भुक्तानी गर्ने भन्नेमा अन्योल भने कायमै छ । 'प्राधिकरणले हाम्रो खातामा पठाएको १ अर्ब १४ करोड जति रकम प्राप्त भइसकेको छ, लामो समयदेखि बक्यौता रहेको कोरोना बीमाको रकम जतिसक्दो छिटो भुक्तानी गर्ने भनेर तयारी गरिरहेका छौँ, चुनाव अघि न भ्याइँदैन होला, चुनावलगत्तै भुक्तानी गर्ने तयारी गरिरहेका छौँ,' बीमक संघका अध्यक्ष क्षेत्रीले भने ।

कसले पहिला पाउँछन् ?

कोरोना बीमाको दाबी भुक्तानीका लागि पर्याप्त रकम नभएकाले अहिले पनि सबैलाई भुक्तानी गर्न पुग्दैन । यसैकारण कसलाई पहिला रकम दिने भन्ने योजना बीमा प्राधिकरणले बनाएको छ । प्राधिकरणको सञ्चालक समितिले नै कसलाई पहिला दिने भन्ने आधार तयार पारेको छ । प्राधिकरणका अनुसार सरकारी कर्मचारी र संस्थागत रूपमा प्रिमियम बुझाउनेहरूले पहिलो चरणमा कोरोना बीमाको दाबी रकम पाउने छैनन् । व्यक्तिगत रूपमा कोरोना बीमा गरेका व्यक्तिहरूले पीसीआर गरेको मितिका आधारमा दाबी भुक्तानी रकम दिइने कार्यकारी निर्देशक पौडेलले जानकारी दिए। अहिले भएको १ अर्ब ८१ करोड रूपैयाँले करिब १८ हजार बीमितलाई दाबी भुक्तानी दिन सकिने प्राधिकरणको अनुमान छ। कोरोना बीमामा १ लाख तथा ५० हजार बीमाङ्क हुने गरी बीमा गराइएको थियो । 'कुनै संस्था वा रोजगारदाताले कोरोना बीमाको प्रिमियम बुझाएको छ भने त्यस्ता बीमितले पहिलो चरणमा दाबी रकम पाउँदैनन् । सरकारी कर्मचारीले पनि पहिलो चरणमा दाबी भुक्तानी पाउँदैनन्। व्यक्तिगत रूपमा बीमा गराएका व्यक्तिहरूले जसको पहिला पीसीआर गरेको प्रमाण छ, सोही मितिका आधारमा प्राथमिकता तय गरेर भुक्तानी गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिएका छौँ, संस्थाले बीमा गराएका, रोजगारदाताले बीमा गराएका र सरकारी कर्मचारीले अर्को चरणमा दाबी भुक्तानी पाउँछन्,' कार्यकारी निर्देशक पौडेलले भने ।

कसले कति भुक्तानी गरे अहिलेसम्म ?

कोरोना पोजेटिभ भएको पीसीआर रिपोर्ट देखाएको आधारमा भुक्तानी पाउने गरी गरिएको कोरोना बीमाको दाबी भुक्तानी रकम ११ अर्ब रूपैयाँभन्दा बढी बाँकी छ। तर यसअघि नै बीमा कम्पनी, पुनर्बीमा कम्पनी तथा बीमा समितिले केही रकम दिएर कोरोना बीमाको दाबी रकम भुक्तानी भने भएको छ। कोरोना बीमाको प्रिमियम १ अर्ब रूपैयाँ उठेको थियो । बीमा कम्पनीहरूले संकलन गरेको सो प्रिमियम कोरोना संक्रमण पुष्टि भएका बीमितलाई भुक्तानी गरिसकिएको छ। यस्तै बीमा कम्पनीहरूले आफ्नो महाविपत्ति कोषबाट ५० करोड रूपैयाँ, पुनर्बीमा कम्पनीले १ अर्ब रूपैयाँ र बीमा समितिले १ अर्ब रूपैयाँ दिएर कोरोना बीमाको दाबी रकम यसअघि नै भुक्तानी गरिसकिएको छ।

मलेसियामा दूतावासले सुरु गर्यो श्रमिकका लागि घुम्ती सेवा

मलेसिया(प्रस) । मलेसियास्थित नेपाली दूतावासले मलेसियाका विभिन्न शहरमा कार्यरत नेपाली श्रमिकको सुविधाका लागि घुम्ती सेवा सुरु गरेको छ। नेपाली श्रमिकहरु कार्यरत रहेको शहरमै दूतावासबाट प्रवाह गरिने सेवा प्रदान गर्न घुम्ती सेवा सञ्चालन गरिएको राजदूत डिल्लीराज पौडेलले बताए ।

बुधबार क्वालालम्पुरबाट करिब चार घण्टा मोटर बाटोको दूरीमा रहेको जोहरवारुमा राजदूत पौडेलले अस्थायी घुम्ती सेवाको उद्घाटन गरे । गैरआवासीय नेपाली संघलगायत नेपाली संघसंस्थाहरुसँगको सहकार्यमा घुम्ती सेवा संचालन गरिएको हो ।

एक हजारभन्दा धैरे नेपाली उपस्थित भएको कार्यक्रममा २ सय ८० जना श्रमिकले राहदानीसम्बन्धी सेवा लिएका थिए। घुम्ती सेवामा

राहदानीसम्बन्धी सेवाका साथै दूतावासबाट प्रवाह गरिने विभिन्न सेवाहरु प्रदान गरिएको नेपाली दूतावासले जनाएको छ। घुम्ती सेवा उद्घाटनका क्रममा राजदूत पौडेलले नेपाली श्रमिकहरु कार्यरत कम्पनीहरुको स्थलगत निरीक्षण, सेवा सुविधाबारे श्रमिकहरुसँग अन्तरक्रिया तथा सम्बन्धित कम्पनी व्यवस्थापनसँग छलफल समेत गरेका थिए। सुरक्षा गार्ड तथा सरसफाईसम्बन्धी कम्पनीहरुमा कार्यरत नेपाली श्रमिकहरुको गुनासो आएपछि उनले सम्बन्धित कम्पनी व्यवस्थापनसँग छलफल गरेका हुन् ।

विशेषतः सुरक्षागार्ड र सरसफाईसम्वन्धी श्रमिकको समस्या समाधानका लागि दुई देशबीच भएको श्रम-सम्झौता २०१८ र मलेसियाको श्रम कानूनअनुसार व्यवस्थित गर्न लागिएको राजदूत पौडेलले बताए। राजदूत पौडेलले नेपाली श्रमिक कार्यरत तथा नेपाली श्रमिक माग गर्ने कम्पनीका व्यवस्थापन पक्षलाई दूतावासमा बोलाएर समेत छलफल गर्दै आएका छन् । मागपत्रमा प्रस्तुत गरे अनुसार आवास सुविधा, पारिश्रमिक र कार्यसमयलाई अक्षरस पालना गरिने उनले बताए ।

यसले गर्दा अहिले सुरक्षागार्ड र सरसफाईसम्वन्धी मागपत्र प्रमाणिकरणमा केही ढिला भए पनि दीर्घकालमा यसबाट श्रमिकहरुको सम्मान तथा सेवा सुविधामा सहयोग पुग्ने उनले बताए। घुम्ती सेवा उद्घाटन कार्यक्रममा श्रम काउन्सिलर दीपक ढकाल, द्वितीय सचिव प्रेमबहादुर बुढा थापालगायत दूतावासका कर्मचारीहरु उपस्थित थिए ।

नेपालकी परिजिता टप १३ मा

झापा(प्रस) ।अमेरिकाको चर्चित रियालिटी शो द भ्वाइसमा प्रतिस्पर्धा गरिरहेकी नेपाली चेली परिजिता बास्तोला टप १३ मा छनौट भएकी छिन ।

सोमबार साँझ लेडी गागाको चर्चित गीत 'आई विल नेभर लभ एगेन'लाई निकै हाउभाउसहित गाएर निर्णायक तथा दर्शकको मन जित्न सफल भएकी छिन। उनले कति मत ल्याएर टप १३ मा पुगेकी सार्वजनिक नगरिए पनि सर्वाधिकमध्येको भोट भएको बताइएको छ । संसारभर उनका लागि मत माग्ने अभियान

नेपाली र नेपालीभाषी समुदायले स्वतस्फूर्तरूपमा चलाएको थियो । उनको अर्को प्रतिस्पर्धा आउँदो सोमबार अमेरिकी पूर्वीय समयानुसार साँझ ८ बजे हुनेछ। हरेक प्रस्तुतिपछि दर्शकहरूको भोट पाएमात्रै अर्को चरणमा प्रवेश गर्ने भएकाले अमेरिका र संसारभर भएका नेपाली र नेपालीभाषी समुदायले परिजितालाई आगामी चरणहरूमा भोट गर्नुपर्ने भन्दै अभियान चलाएका छन्। उनले सुरुदेखि नै नेपाली पोशाकमा आफ्नो प्रस्तुति दिँदै आएकी छिन । परिजिताले सोमबार भावुक गीत छनौट गरी अद्वितीय प्रस्तुति दिइन्। परिजिताको भावुक गीतको प्रदर्शनले प्रशिक्षकबाट उत्तिकै प्रशंसा पाएको थियो । सोमबार सुरु भएको प्रत्यक्ष प्रसारण जोन लिजेण्डको टोलीले सुरुवात गरेको थियो । लिजेण्ड टोलीमा ओमार जोस कार्डोना, किम क्रुज, साशा हुर्टाडो सबैले आफ्नो शक्तिशाली प्रदर्शन गरे र प्रशंसा बटुलिन् । तर, परिजिताले ए स्टार इज बोर्नको लेडी गागाको 'आई विल नेवर लभ अगेन' को भावनात्मक प्रस्तुतिमा चारै प्रशिक्षकबाट पहिलो 'स्ट्याण्डिङ ओभेशन' पाएकी थिइन् ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिएटिभ आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष : शुभकार्यको चर्चा चल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ ।

वृष : आँटेको र ताकेको कार्य पुरा होला। कूटनीतिक नियोगको सहयोग मिल्नेछ ।

मिथुन : आज महत्वपूर्ण अवसर गुम्न सक्छ। आफन्तको सल्लाह लिनु नै उचित हुनेछ ।

कर्कट : चिताएको कामले तीव्रता लिनेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ ।

सिंह : आज इच्छा र आकांक्षा पूर्ण होला। पठनपाठनमा प्रगति हुनेछ ।

कन्या : मित्रबाट सहयोग मिल्नेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

तुला : अरुको भर पर्दा धोका पाइनसक्छ। राजनैतिक कार्यमा बाधा आउनेछ ।

वृश्चिक : आज आकस्मिक धन लाभ हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ ।

धनु : आज शुभ समाचार सुन्न पाइएला। प्यारो साथीसँग भेट हुनेछ ।

मकर : अरुलाई प्रभावित पारेर काम बन्नेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ ।

कुम्भ : घरमा कुटुम्बको आगमन हुनसक्छ। प्रतिष्ठा प्राप्तिका लागि संघर्ष गर्नु पर्नेछ ।

मिन : आज प्रतिष्ठित काम सुरु गर्ने मौका छ। पराक्रम र उत्साह बढ्नेछ ।